नेपाली इसाई मण्डली (ज्ञानेश्वर चर्च)
NEPALI ISAI MANDALI (GYANESHWOR CHURCH)
२०१४/1957

नेपाली इसाई मण्डली
# सूचनापत्र
मासिक
कार्तिक/मंसीर २०७१ (November 2014) वर्ष १८/अङ्क २१२

## "ख्रीष्टमा - हामी परमेश्वरका धार्मिकता"

- पाष्टर रोबर्ट कार्थक

**२ कोरिन्थी ५:२१** मा पावल लेख्तछन्, 'हामी उहाँमा परमेश्वरको धार्मिकता बन्न सकौं भनेर पापै नचिन्नुहुनेलाई परमेश्वरले हाम्रो खातिर पाप बनाउनुभयो।'

खीष्ट येशूलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाता गरी ग्रहण नगरेसम्म हामी सबै पापी थियौं। हामी पापी आदमका सन्तानहरू आदमजस्तै पापी थियौं। पहिलो आदमलाई छाडेर पछिल्लो आदम खीष्टमा आएकोले हामी नयाँ सृष्टि भयौं। **२ कोरिन्थी ५:१७** ले भन्दछ, 'यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ।' हामी जति जनाले खीष्ट येशू प्रभुमा विश्वास गरेका छौं, हामी अब नयाँ भएका छौं। अघि हामी आदममा पापी थियौं, अब हामी खीष्टमा धर्मी भएका छौं। **रोमी ५:१९** मा लेखिएको छ, 'जसरी एउटै मानिसको अनाज्ञाकारिताले धेरै जना पापी बनाइए, त्यसैगरी एकै जनाको आज्ञाकारिताद्वारा धेरै जना धार्मिक बनाइनेछन्।' अदनको बगैंचामा पहिलो आदमले शैतानको बहकाउमा परेर परमेश्वरको आज्ञा विरुद्ध भलो र बुरोको रूखको फल खायो। त्यसले परमेश्वरको आज्ञा तोडयो। त्यसले पाप गऱ्यो र त्यो पापी भयो। त्यसका सबै सन्तानहरू पनि पापी भए किनकि पापीका सन्तानहरू पापी नै हुन्छन्। **रोमी ५:१८** अनुसार, 'एउटै मानिसको अपराधले सबै मानिसहरू दण्डका भागीदार बने। आदमले पाप गऱ्यो, त्यो पापी भयो। पापी आदमका सन्तानहरू हामी पनि पापी भयौं। हामीले पनि नरककुण्डमा पापको दण्ड भोग्नुपर्ने भयो। हाम्रो सट्टामा कसैले हाम्रो पापको दण्ड नभोगेसम्म परमेश्वरले हामीलाई त्यसै क्षमा गरेर दण्ड-मुक्त गर्न सक्नुभएन। आफ्नै पापको दण्ड भोग्नुपर्ने पापी मानिसले अरूहरूको पापको दण्ड भोगिदिएर तिनीहरूलाई दण्ड-मुक्त गर्न पनि नसकिने भयो। यसैकारण पापै नजान्नुहुने येशू प्रभुलाई परमेश्वरले हाम्रो खातिर पाप बनाएर क्रूसमा हाम्रो पापको दण्ड भोग्न लाउनुभयो। 'मेरो निम्ति क्रूसमा बलि भएर मैले पाउनुपर्ने दण्ड खीष्टले भोगिसक्नुभएको छ। उहाँ मेरो मुक्तिदाता हुनुहुन्छ' भनी उहाँमा विश्वास गर्नेले फेरि आफैले आफ्नो पापको दण्ड भोग्न नपर्ने भयो। त्यसले मुक्ति पायो। त्यो अब पापी रहेन, त्यो निष्पाप भयो, धर्मी भयो। **रोमी ५:१९** मा लेखिएको, 'एकै जनाको आज्ञाकारिताद्वारा धेरैजना धर्मी बनाइनेछन्' भनेअनुसार खीष्ट येशूमा विश्वास गर्ने हामी सबै विश्वासीहरू धर्मी बनाइएका छौं। **हिब्रू ५:८** ले भन्दछ, 'उहाँ पुत्र हुनुहुन्थ्यो तापनि आफूले भोग्नुभएको कष्टद्वारा उहाँले आज्ञापालन गर्न सिक्नुभयो।' फिलिप्पी २:८ ले पनि भन्दछ, 'मृत्युसम्मै अर्थात् क्रूसको मृत्युसम्मै उहाँ आज्ञाकारी रहनुभयो।' उहाँको यस्तो आज्ञाकारिताद्वारा हामी पापीहरू पनि उहाँमा विश्वास गरेर धर्मी बन्न सकेका छौं।

मानिसले पाप गरेको कारण ऊ पापी भएको होइन तर ऊ पापी भएको कारण उसले पाप गर्दछ कारण उसमा पाप गर्ने स्वभाव छ। सुन्तलाको बोटले सुन्तला फलाएकोले त्यो सुन्तलाको बोट भएको होइन। त्यो सुन्तलाको बोट भएकोले नै त्यसले सुन्तला फलाएको हो। सुन्तलाको सट्टामा त्यसले अम्बा, स्याउ, केरा, दाख फलाउन सक्दैन। चाहे त्यसले सुन्तला फलाए पनि वा नफलाए पनि त्यो सुन्तलाको बोट नै हो र सुन्तलाको बोट भएरै रहन्छ। पापी आदमको सन्तान भएकोले मानिस पापी भयो। पापकर्म गरेर ऊ पापी भएको होइन, पापी भएकोले नै उसले पापकर्म गरेको हो। अम्बा फलाउनलाई सुन्तलाको बोट बदलेर अम्बाको बोट बन्नुपर्छ। यो बदलाउने काम सृष्टिकर्ता परमेश्वरबाहेक अरू कसैले गर्न सक्तैन। धर्मकर्म गरेर आफ्नो पाप-स्वभाव बदलन खोज्नुचाहिँ प्लाष्टिक, रबर, काठका नक्कली फलहरू बडा दिनको समयमा क्रिष्टमस ट्रीमा झुण्ड्याएर साना केटाकेटीहरूलाई झुक्काउन खोज्नुजस्तो मात्र हुन्छ। यसैकारण पहिलो आदमको वंश अन्त्य गर्नलाई परमेश्वरले खीष्ट येशू प्रभुलाई पछिल्लो आदम बनाएर क्रूसमा मर्न लाउनुभयो र उहाँको पुनरूत्थानद्वारा एउटा नयाँ मानिसको वंश शुरू गर्नुभयो। यसैले **२ कोरिन्थी ५:१७** ले भन्दछ, 'यसकारण कोही खीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ'। **२ कोरिन्थी ५:२१** अनुसार हामीलाई खीष्टमा परमेश्वरको धार्मिकता बनाउनलाई पापै नजान्नुहुने खीष्टलाई परमेश्वरले हाम्रो खातिर पाप बनाउनुभयो। येशू प्रभुले त पाप चिन्नु नै भएको थिएन। उहाँले कहिल्यै पाप गर्नु भएन, पाप सोच्नु भएन, पाप बोल्नु भएन (**यहून्ना ८:४६**)'। उहाँमा कुनै पाप थिएन (**१ यहून्ना ३:६**)। एउटै पनि पाप नगरी परमेश्वरले आफ्नो निष्पाप, निर्दोष पुत्रलाई हाम्रो खातिर कसरी पाप बनाउनुभयो ? पाप गरेर नै मानिसहरू पापी बन्ने भए त खीष्ट येशूले त एउटै पाप पनि गर्नुभएको थिएन र पनि उहाँ हाम्रो खातिर पाप बन्नुभयो, पापी बन्नुभयो। परमेश्वरले क्रूसमा पापी मानव-जातिको सारा पाप उहाँमाथि राखिदिनुभयो। हाम्रा सारा पाप बोकेर हाम्रो निम्ति धर्मी खीष्ट येशू पापी बन्नुभयो (**यशैया ५३:६**)। खीष्ट येशूले हाम्रा सबै पाप, अपराधको दण्ड क्रूसमा भोगिदिनुभयो। उहाँ हाम्रो सट्टामा मर्नुभयो, बलिदान हुनुभयो। त्यति बेला परमेश्वरले खीष्ट येशूमा भएको उहाँको धार्मिकता हामीलाई दिनुभयो। येशू प्रभुको क्रूसमा पापी मानव जातिको पाप र पवित्र परमेश्वरको धार्मिकताको साटासाट भयो। पापी मानिसको सारा पाप प्रभु येशूलाई दिनुभयो अनि उहाँको धार्मिकता मानिसलाई दिनुभयो। पापै नगरी निष्पाप येशूलाई पाप बनाउनुहुने परमेश्वरले येशू प्रभुमा विश्वास गर्ने पापीलाई त्यसले एउटै धर्मकर्म नगरेरै पनि धर्मी बनाउन सक्नुहुन्छ। त्यसले धर्मकर्म गरेर अब आफैलाई धर्मी बनाउने कोशिश गर्न पर्दैन खाली येशू प्रभुमा विश्वास गरे पुग्छ।

अब हामी धर्मकर्म गर्छौं धर्मी बन्नलाई होइन तर खीष्टमा विश्वास गरेर धर्मी भएकोले। धर्मकर्म हाम्रो निम्ति मुक्तिको जरा होइन तर मुक्तिको फल हो (**एफिसी २:८-१०**)।

खीष्टमा परमेश्वरको धार्मिकता बनिसकेपछि पनि पाप गरेर हामी फेरि पापी त बन्दैनौं ? परमेश्वरले हामीलाई धर्मी ठहराउनुहुँदा उहाँले हाम्रा जन्मदेखि मृत्युसम्मका जम्मै पाप-अधर्महरू क्षमा गरिदिनुभयो। त्यति मात्र होइन, उहाँले त ती पाप-अधर्महरू फेरि स्मरणसम्म पनि गर्नु हुन्न (**हिब्रू ८:१२, १०:१७, रोमी ३:२५**)। **२ कोरिन्थी ५:१९** अनुसार त उहाँले अहिले भइरहेका हाम्रा पाप-अधर्मको पनि लेखा लिनु हुन्न, हिसाब राख्नु हुन्न, वास्ता गर्नु हुन्न। खीष्टमा नयाँ सृष्टि भएको, परमेश्वरबाट जन्मेको हाम्रो आत्माले त पाप गर्न नै सक्दैन (**१ यहून्ना ३:९**)। हाम्रो मन र हाम्रो शरीरले चाहिँ पाप गरिरहन्छ

## शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरुको नामावली

| मिति | ज्ञानेश्वर | नगरकोट | सिर्जनानगर | ललितपुर | पनौती | गुरूजुधारा | भैंसेपाटी |
|---|---|---|---|---|---|---|---|
| कार्तिक २२ November 8 | पाष्टर सामुएल कार्थक | डीकन सुरेश पुरकोटी | पाष्टर अशोक मुखिया | पाष्टर रोल्याण्ड रोंगोंग | पाष्टर दफ्तन सादा | एल्डर छयोगेन रोंगोंग | श्री पुरुषोत्तम न्यौपाने |
| कार्तिक २९ November 15 | डीकन सिमोन पाठक | श्री रमेश लामा | श्री राजु राई | एल्डर सिमोन खालिङ | एल्डर श्रीलक्ष्मी सैंजु | एल्डर गोपाल शर्मा | डीकन घनश्याम दाहाल |
| मंसीर ६ November 22 | श्री लेख नाथ पौडेल | पाष्टर अशोक मुखिया | एल्डर शामुएल क्षेत्री | पाष्टर रोबर्ट कार्थक | डीकन सिमोन भण्डारी | डीकन रूद्र राई | संयुक्त सेवा ललितपुर चर्च |
| मंसीर १३ November 29 | पाष्टर प्रेम श्रेष्ठ | एल्डर पूर्ण सुनुवार | डीकन बाग मान तामाङ्ग | श्री डा. स्टिभ नोबल | एल्डर रूबेन श्रेष्ठ | श्री स्टिफन राई | एल्डर दिल थापा |
| मंसीर २० December 6 | पा. सामुएल कार्थक पा. रोबर्ट कार्थक | संयुक्त सेवा ज्ञानेश्वर चर्च | संयुक्त सेवा ज्ञानेश्वर चर्च | पा. बी. बी. खवास पा. डा. राजेन्द्र कु. रोंगोंग | श्रीमती गंगा श्रेष्ठ | पाष्टर रोल्याण्ड रोंगोंग | एल्डर सिमोन खालिङ |

कारण मन र शरीरले अझसम्म पापबाट पूरा छुट्कारा पाइसकेको छैन । परमेश्वरले नै हामीलाई ख्रीष्टमा धर्मी ठहराइसक्नुभएको हुनाले अब हामीबाट भएका पाप-कर्मले हामीलाई फेरि पापी बनाउन सक्दैन । जसरी पापी मानिसले धर्मकर्म गरेर आफैलाई धर्मी बनाउन सक्दैन, त्यसरी नै परमेश्वरले धर्मी ठहराइसकेको मानिसले पाप-कर्म गरेर आफैलाई पापी बनाउन सक्दैन । त्यसले पाप गरेता पनि अब त्यो पापी बन्न सक्दैन किनकि परमेश्वरले त्यसलाई ख्रीष्टमा धर्मी ठहराइसक्नुभएको छ ।

त्यसो हो भने ता विश्वासीले अब उसो जस्तै पाप गरे पनि हुन्छ ? के उसलाई पाप गर्नलाई छुट मिलेको छ ? हो, उसलाई पाप गर्नलाई छुट मिलेको छ । बितेका समयका जम्मै पाप-अधर्महरू परमेश्वरले क्षमा गरिदिनुभयो र बिर्सिदिनु पनि भयो, अहिले भइरहेका र पछि हुने पाप-अधर्मको पनि उहाँले लेखा लिनु हुन्न, हिसाब राख्नुहुन्न । के यो कुरोले विश्वासीलाई मनपरी पाप गरिहिँड्ने 'छाडा' व्यक्ति बनाउँदैन र ? उत्तरको लागि **रोमी ६:१-२, १५-१८** पढ्नुहोस् । हामी विश्वासीहरू पाप गर्न सक्छौं तर हामी पाप गर्दैनौं, नरककुण्डको डरले होइन, दण्ड र श्रापको डरले होइन तर हामी परमेश्वर पितालाई, मुक्तिदाता प्रभु ख्रीष्टलाई, पवित्र आत्मा परमेश्वरलाई प्रेम गर्छौं । हामी उहाँहरूप्रति अत्यन्तै धन्यवादी छौं र उहाँहरूलाई शोकित गराउन चाहँदैनौं । पाप गर्ने छुट त पाएका छौं तर हामी पाप गर्दैनौं, डरको कारणले होइन तर प्रेमको कारणले । कसैले 'म विश्वासी हुँ' भनेर पनि केही संकोच नै नमानी स्वेच्छापूर्वक पाप गरिरहन्छ भने ऊ खास विश्वासी होइन, ऊ नाम मात्रको विश्वासी हो । ऊ परमेश्वरबाट जन्मेको छैन । उसले ख्रीष्टमा नयाँ जन्म पाउन बाँकी नै छ । **१ यूहन्ना ३:९** ले भन्दछ, 'परमेश्वरबाट जन्मेको कसैले पनि पाप गरिरहँदैन किनकि उहाँको स्वभाव त्यसमा रहन्छ । त्यसले पाप गरिरहन सक्दैन किनभने त्यो परमेश्वरबाट जन्मेको हो ।'

यसैकारण अब हामी विश्वासीहरू ख्रीष्टमा परमेश्वरका धार्मिकता बनेका छौं, अनि सधैंसम्म परमेश्वरको धार्मिकता बनिरहनेछौं ।

## जानकारी



पनौती बस्नुहुने, नेइम पनौती मण्डलीको सदस्य श्री सत्य लाल श्रेष्ठ ५८ वर्षको उमेरमा असोज ७ गते/सेप्टेम्बर २३ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।



थलीमा बस्नुहुने, नेइम जोरपाटी मण्डलीको सदस्य श्री कृष्ण बहादुर भण्डरी ३८ वर्षको उमेरमा असोज २१ गते/अक्टोबर ७ तारिख मंगलबार प्रभुमा सुत्नुभयो ।

| कार्यक्रम | बार | समय | स्थान |
|---|---|---|---|
| आराधना सेवा | शनिबार | बिहान ७:३०, ९:३० र ११:३० बजे<br>बिहान ९:०० बजे र ११:३० बजे<br>बिहान १०:३० बजे<br>बिहान ९:०० बजे भैंसेपाटी | ज्ञानेश्वर<br>ललितपुर<br>गोंगबूँ,जोरपाटी, पनौती, नगरकोट, जहरसिंह पौवा, गाम्छा, गुरुजुधारा, सिर्जनानगर, रानीपौवा, सुन्दरीजल, धापासी र साँखु |
| संयुक्त आराधना सेवा | अंग्रेजी महिनाको पहिलो शनिबार | | ज्ञानेश्वर, सिर्जनानगर (बिहान ७:३०, ९:३० र ११:३० बजे) |
| | अंग्रेजी महिनाको दोस्रो शनिबार (बिहान १०:३० बजे) | | गोंगबूँ |
| | अंग्रेजी महिनाको तेस्रो शनिबार (बिहान १०:३० बजे) | | जोरपाटी, गाम्छा, जहरसिंह पौवा, सुन्दरीजल, साँखु |
| | अंग्रेजी महिनाको चौथो शनिबार (बिहान १०:०० बजे) | | ललितपुर, गुरुजुधारा, भैंसेपाटी |
| आत्मिकी तथा चंगाई सेवा | | महिनामा एक पटक<br>महिनामा दुई पटक | ज्ञानेश्वर, ललितपुर, गोंगबू, सिर्जनानगर भक्तपुर, गाम्छा, सुन्दरीजल<br>जोरपाटी |
| घरेलु संगति | आइतबार देखि शुक्रबारसम्म साथै हप्ताको अरू समयहरूमा विभिन्न ठाउँहरू | | |
| प्रार्थना सभा | आइतबार | बिहान ६:०० बजे | नयाँ बानेश्वर, कपन — बेलुकी ६:०० बजे लिपिकोट |
| | सोमबार | बिहान ५:०० बजे | गोल्फुटार |
| | सोमबार | बिहान ६:०० बजे | जोरपाटी, नाइलेभारे, गाम्छा, नयाँपाटी, थली, मूलपानी-२, साँखु, गोंगबूँ, पनौती, सिर्जनानगर |
| | मंगलबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, धापासी, बौद्ध-बज्रनगर, कमलाक्षी, मनहरा पुल (पेप्सीकोला), पिंगलास्थान, ताहाचल |
| | बुधबार | बिहान ६:०० बजे | ज्ञानेश्वर, ललितपुर, जोरपाटी, मूलपानी-१, पनौती, सरस्वतीनगर, गुरुजुधारा, भैंसेपाटी, कमलाक्षी, ताहाचल, बाँसघारी पतलीसडक |
| | बिहीबार | बिहान ६:०० बजे | गोंगबूँ |
| | शुक्रबार | बिहान ६:०० बजे | ललितपुर, जोरपाटी, गोंगबूँ, कालीमाटी, गाम्छा, सुन्दरीजल, ठिमी-नगदेश — दिउँसो ३:०० बजे पनौती |

| शनिबार आराधना सेवामा वचनको सेवकाई गर्नुहुनेहरूको नामावली | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| मिति | जोरपाटी | गाम्छा | सुन्दरीजल | जहरसिंह पौवा | साँखु | गोंगबू | धापासी | रानीपौवा |
| कार्तिक २२<br>November 8 | एल्डर<br>सागर थापा | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>अष्ट श्रेष्ठ | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | पाष्टर<br>राजेन्द्र रोंगोंग | संयुक्त सेवा<br>गोंगबू चर्च | श्री<br>गोपाल राना मगर |
| कार्तिक २९<br>November 15 | पाष्टर<br>रोबर्ट कार्थक | संयुक्त सेवा जोरपाटी चर्च | | | | एल्डर<br>छ्योदेन कार्थक | डीकन<br>जिल्बर्ट मिशो | श्री<br>राजु तामाङ्ग |
| मंसीर ६<br>November 23 | पा. महेश थांजु<br>ए. गोपी राइ | एल्डर<br>सागर थापा | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>जमान घ्लान | पाष्टर<br>महेश थांजु | डीकन<br>घन श्याम दाहाल | एल्डर<br>बि.एन्.पण्डित | श्री<br>कुमार सेन्चुरी |
| मंसीर १३<br>November 29 | पा. महेश थांजु<br>ए. जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | पाष्टर<br>महेश थाँजु | एल्डर<br>दानिएल सापकोटा | एल्डर<br>सागर थापा | डीकन<br>अर्जुन ढकाल | डीकन<br>सिमोन पाठक | श्री<br>राजु तामाङ्ग |
| मंसीर २०<br>December 6 | पा. महेश थांजु<br>एल्डर सागर थापा | पाष्टर<br>महेश थाँजु | एल्डर<br>गोपी राई | एल्डर<br>जमान घ्लान | एल्डर<br>अष्ट श्रेष्ठ | पाष्टर<br>एल. पी. न्यौपाने | एल्डर<br>कर्ण तामाङ्ग | संयुक्त सेवा<br>गोंगबू चर्च |

# हार्दिक बधाई



असोज ५ गते/सेप्टेम्बर २१ तारिख आइतबार नेइम गोगबु चर्चको सदस्यहरू श्री **रमेश रम्तेल** र सुश्री **रेणुका उपरकोटी**को नेइम गोगबु चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **रमेश र रेणुका रम्तेल**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज २० गते/अक्टोबर ६ तारिख सोमबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **दुर्गा बहादुर बुढा** र सुश्री **मन माया पुलामी मगर**को नेइम ज्ञानेश्वर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **दुर्गा बहादुर** र **मन माया बुढा**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज २६ गते/अक्टोबर १२ तारिख आइतबार नेइम ज्ञानेश्वर चर्चको सदस्य श्री **जोकेश शाह** र सालोम चर्च दोलखाको सदस्य सुश्री **गोमा सुनुवार**को सालोम चर्चमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **जोकेश र गोमा शाह**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।



असोज ३० गते/अक्टोबर १६ तारिख बिहीबार नेइम ज्ञानेश्वर चर्चको सदस्यहरू श्री **विजय कुमार महर्जन** र सुश्री **रिता थापा**को नेइम ज्ञानेश्वर मण्डलीमा **पवित्र विवाह** सुसम्पन्न भई वैवाहिक जीवनमा एकसाथ बाँधिनुभएकोमा श्रीमान्/श्रीमती **विजय कुमार** र **रिता महर्जन**लाई मण्डली परिवारको तर्फबाट हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछौं ।

## नेइम मिशन सम्मेलन

कार्तिक २४-२७ गते/नोभेम्बर १०-१३ तारिख सोमबारदेखि बिहीबारसम्म नेइम ज्ञानेश्वर मण्डलीमा हुने मिशन सम्मेलनमा वचनको सेवकाइ गर्नुहुने पाष्टर चार्ल्स स्मिथ, अनुवाद गर्नुहुने, शाखा तथा आवद्ध मण्डलीहरूबाट आउनुहुने पाष्टर तथा सेवक/सेविकाहरूको यात्रा, सो सम्मेलनमा लाग्ने खर्च साथै मिशन विभागको लागि प्रार्थना गरिदिऔं ।

## नोभेम्बर महिनाको कार्यक्रम

मंसीर ६ गते/नोभेम्बर २२ तारिख शनिबार **नेइम बाल संगतिका १५ वर्षका बालबालिकाहरूको दीक्षान्त समारोह** दिउँसो २:०० बजे नेइम ज्ञानेश्वर मण्डलीमा ।

मंसीर ७ गते/नोभेम्बर २३ तारिख आइतबार **नेइम संयुक्त पुरुष रीट्रिट** बिहान १०:००-३:०० बजेसम्म नेइम ज्ञानेश्वर मण्डलीमा ।

मंसीर २१ गते/डिसेम्बर ७ तारिख आइतबार **नेइम परिषद्को बैठक** बिहान १०:००-२:०० बजेसम्म नेइम ज्ञानेश्वर मण्डलीमा ।

## प्रार्थनाको अनुरोध

मंसीर १६-१८ गते/डिसेम्बर २-४ तारिख मंगलबारदेखि बिहीबारसम्म **पूर्वी नेपाल पत्रीमा** हुन लागेको अगुवा सम्मेलनमा वचनको सेवकाइको लागि आदरणीय पाष्टर रोबर्ट कार्थक गुरुबा जाँदै हुनुहुन्छ । उहाँको साथमा पाष्टर अशोक मुखिया पनि जाँदै हुनुहुन्छ ।

भदौ २१ गते/सेप्टेम्बर ६ तारिख शनिबार नेइम धापासी मण्डली र भंगाल संगतिको गरी १७ जना बालबालिकाहरूको बाल अर्पण भयो ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार Sunday** | १६ 2<br>अगुवाको स्थानमा रहनुभएकाहरू उदाहरण भएर परमेश्वरको प्रेममा उहाँको बगाललाई हेरचाह गर्न र परमेश्वरमा डोऱ्याउन सकून् ।<br>१ पत्रुस ५:१-४ | २३ 9<br>संसारका सबै मानिसहरूले येशू ख्रीष्ट नै प्रभु अनि मुक्तिदाता हुनुहुन्छ भनी विश्वास गर्न सकून् ।<br>यूहन्ना ८:१२, १७:३ | ३० 16<br>सम्पूर्ण विश्वासीहरूको जीवनमा प्रार्थना, सुसमाचार प्रचार, वचन पढाइ, प्रशंसा कहिले पनि नरोकिएको होस् ।<br>प्रेरित २:४२-४७ | ७ 23<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१७ | १४ 30<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ |
| **सोमबार Monday** | १७ 3<br>नेपालको विभिन्न कारागारमा भइरहेको सेवा संगतिहरूद्वारा अझ धेरैले येशू प्रभुलाई चिन्न सकून् ।<br>यशैया ६१:१-३ | २४ 10<br>नेइम परिषदका सबै गुरुजनहरूको सेवकाई, परिवार, काम, व्यवसाय, स्वास्थ्य सम्पूर्ण कुराहरूको लागि आशिष् मागिदिऔं ।<br>भजनसंग्रह २३:१-६ | १ मंसीर 17<br>मण्डलीका विश्वासीहरू रीतिविधिमा जिउनेहरू, धर्मकर्म गर्नेहरू साथै मन तातो भएर जिउनेहरू कोही पनि नहोऊन् ।<br>प्रकाश ३:१५-१६ | ८ 24<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ | १५ December 1<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरुहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **मंगलबार Tuesday** | १८ 4<br>मण्डलीमा पूरा समय काम गर्ने सेवक/सेविकाहरू प्रभुमा अझै समर्पित भएर सेवकाई गर्न सकून् ।<br>यूहन्ना १५:१६, एफिसी ६:६-७ | २५ 11<br>येशू प्रभुलाई विश्वास गरी मण्डलीमा आउनुभएकाहरूलाई प्रभुमा डोऱ्याउने काममा सबै विश्वासीहरू बोझसहित लागिपर्न सकौं ।<br>१ कोरिन्थी १५:५८ | २ 18<br>हरेक अभिभावकहरू प्रभुमा रहेर आफ्ना छोराछोरीहरूलाई ठीक सरसल्लाह र शिक्षामा हुर्काउन सकून् ।<br>व्यवस्था ६:४-९,एफिसी ६:४ | ९ 25<br>मण्डलीका सबै बालबालिकाहरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकुन् ।<br>मर्कूस १०:१३-१६ | १६ 2<br>मण्डली संख्यामा मात्र होइन आत्मिक परिपक्वतामा पनि अझै अघि बढेर जान सकुन् ।<br>२ तिमोथी ३:१४-१७ |
| **बुधबार Wednesday** | १९ 5<br>घरेलु संगतिका सबै अगुवाहरू आफ्नो झुण्डलाई प्रभुमा हुर्काउन, बढाउन, डोऱ्याउन र वास्ता गर्नको लागि पवित्र आत्माको सहायता मागिदिऔं ।<br>१ थेसोलोनिकी १:२-३ | २६ 12<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूका हृदयको आँखा खोलिदिऊन् ।<br>प्रेरित १६:१४-१५, ३१ | ३ 19<br>मण्डलीका सबै विश्वासीहरू सँधै प्रार्थनामा जागा रहनेहरू हुन सकून् ।<br>१ थेसलोनिकी ५:१६-१८ | १० 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीभाइ र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरि.३:२-३, १ थेस.२:१०-१२ | १७ 3<br>मण्डलीका विश्वासीहरू सधैं प्रेममा रही परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ पत्रुस ४:८-११, २ यूहन्ना ६ |
| **बिहीबार Thursday** | २० 6<br>बाल संगतिका बाल बालिकाहरूको आत्मिक जीवनको साथै पढाइ, स्वास्थ्य, सुरक्षा सबै क्षेत्रमा प्रशस्त आशिष् मागिदिऔं ।<br>मर्कूस १०:१३-१६, लूका २:४०, ५२ | २७ 13<br>मण्डलीमा प्रार्थनाको लागि आउनुहुने रोगी बिरामी, भूत आत्मा लागेका, चिन्ताफिक्री साथै विभिन्न बन्धनले पिडित भएकाहरूको लागि प्रार्थना गरिदिऔं।<br>यशैया ६१:१-३, यूहन्ना ८:३६ | ४ 20<br>विवाह बन्धनमा बाँधिएका सबै दम्पत्तिहरू आशिषित् भएर जिउनका लागि प्रार्थना गरिदिऔं ।<br>रोमी १६:३-५ | ११ 27<br>मण्डलीका सबै बा, दाजु-भाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिषको कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ | १८ 4<br>भारतको मुम्बई ,पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११, १६ |
| **शुक्रबार Friday** | २१ 7<br>वचनको सेवकाई गर्नुहुनेहरूको लागि प्रभुबाटको वचन, पवित्र आत्माको अगुवाइ र अभिषेक मागिदिऔं ।<br>१ कोरिन्थी २:४-५, १२-१३ | २८ 14<br>प्रत्येक शनिबारको आराधना सेवाको साथै अरू सेवा संगतिहरूमा सुनेको वचन अनुसार समर्पित, इमान्दार र आज्ञाकारी हुँदै जान सकौं ।<br>भजनसंग्रह ८५:८, ८६:११ | ५ 21<br>विभिन्न उद्देश्य लिएर मण्डलीमा आउनुहुने हरेकले परमेश्वरको वचन सुनेर उहाँहरूको हृदय परिवर्तन भएको होस् ।<br>हिब्रू ४:१२-१३ | १२ 28<br>हामी कोही पनि रीतिविधिको रूपमा मात्र सेवामा सहभागी नभई सत्यतामा परमेश्वरको आराधना गर्न तयार भएर आउन सकौं ।<br>१ पत्रुस २:१-५ | १९ 5<br>मण्डलीका विश्वासीहरू वचन सुन्ने मात्र होइन तर वचन पालन गरेर परमेश्वरलाई साँचो प्रेम गर्नेहरू हुन सकून्।<br>याकूब १:१९-२५ |
| **शनिबार Saturday** | २२ 8<br>मण्डलीका प्रत्येक विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण बन्न सकोस् ।<br>रोमी १४:१९ | २९ 15<br>उपवास प्रार्थनामा चढाइएको प्रार्थनाद्वारा सबै क्षेत्रमा अझ आशिषित हुन सकौं ।<br>मत्ती ७:७-११ | ६ 22<br>अधुरो घरानाका सम्पूर्ण सदस्यहरूले प्रभु येशू ख्रीष्टले दिनुहुने मुक्ति र उद्धार ग्रहण गर्न सकून् ।<br>प्रेरित १६:३१, लूका १:३७ | १३ 29<br>परमप्रभु परमेश्वरले यो वर्षभरि मण्डलीलाई साथै मण्डली बाहिरको क्षेत्रमा पनि दिनुभएको प्रशस्त आशिष्को लागि उहाँलाई महिमा दिऔं ।<br>भजनसंग्रह ५०:२३ | २० 6<br>मण्डलीको आराधना सेवा, प्रार्थना सभा, घरेलु संगति, आत्मिकी सेवा, बाइबल अध्ययन आदि सेवा संगतिहरूमा मण्डलीले यथासक्य भागलिन सकून् ।<br>हिब्रू १०:२३-२६ |

**यसकारण साहससँग अनुग्रहको सिंहासन नजीक जाऔं, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं ।**

**हिब्रू ४:१६**


प्रकाशकः नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,